डुडुवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यलय

गाउँ कार्यपालिकाको कार्यालय, वनकट्टी, बाँके, लुम्बिनी प्रदेश, नेपाल

लुम्बिनी प्रदेश नेपाल ।

## नदीजन्य पदार्थको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०९/१३

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस डुडुवा गाउँपालिकाको बाह्रौ गाउँसभाको निर्णय बमोजिम तपशिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरि यस डुडुवा गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले फर्मको नविकरण भएको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु सँलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | सूचना नं./बोल पत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम(घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|
| १ | DRM/NCB/GOOD/01/2079-80 | नदिजन्य पदार्थ उत्खनन् गरि बिक्रि वितरण तथा निकासी गर्ने कार्य । | डुडुवाखोला, पिप्रहवा - ६३४७८१ घ.फि.<br>राप्तिनदि, दासपुर्वा रामनगर-६८१५७३ घ.फि.<br>राप्ति नदि, रमपुर्वा कटैया-१२३९५४४ घ.फि.<br>राप्ति नदि, सिधनियाघाट -८८२८६ घ.फि.<br>राप्ति नदि ,खजुरागौडि-६००३४ घ.फि. | २,१६,३३,७४४।०० | कबोल अँकको ५(पाँच) प्रतिशत | ५००० ।- |

शर्तहरुः१.बोलपत्र पाराम यो सुचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । बोलपत्र सम्वन्धी सम्पुर्ण कार्यहरु E-Bidding का माध्यमबाट हुने भएकोले कार्यालयबाट कुनैपनी कागजात उपलब्ध गराईनेछैन ।

२.बोलपत्र फाराम यो सुचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेभित्र फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र , मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ( व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि) बोलपत्र फाराम दस्तुर बापत एन.आई.सी.एसीया.बैंक शाखा कार्यालय .नेपालगँजमा

कृष्ण प्रसाद पौड्याल,
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं.०२०२०५००२८९३५००२ ग-१.१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन संलग्न गरी अपलोड गर्नुपर्नेछ र उक्त समयमा दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २.०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

३.बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

४.अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौती रकम यस कार्यालयको एन.आई.सी.एसीया.बैंक नेपालगैंजमा रहेको धरौटी खाता नं २०४१४९८३८५५२४००१ ग ३-१ जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

५.एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिन दिनको २:०० बजे डुडुवा गाउँपालिकाका कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६.बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७.बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्रको साथमा कबोल अंकको १३% ले हुन आउने मु.अ.कर वापतको रकम जम्मा गरेको प्रमाण समेत लिई (व्यक्तिको हकमा कबोल अंकको १३% ले हुन आउने रकम बराबर मु.अ.कर र अन्य कर दस्तुर दाखिला गरेको प्रमाण सहित) प्रथम किस्ता बापत ५० (पचाश) प्रतिशतले हुने रकम जम्मा गरी बाँकी ५०(पचाश) प्रतिशतले हुने रकमको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गका बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८० साल भाद्र मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले बाँकी पचास प्रतिशत रकम ०७९ चैत्र मसान्त भित्र कार्यालयले तोकेको बैंक खातामा अनिवार्य रुपमा जम्मा गर्नुपर्नेछ उक्त समयसिमा भित्र रकम जम्मा नगरेमा गाउँपालिकाले बोलपत्र दाताले पेश गरेको बैंक जमानत कार्यालयले जफत गरी असुल उपर गर्नुका साथै नियमानुसार कारवाहीका लागि प्रक्रिया अगाडि बढाईने छ ।। नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८.तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून , प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

(नोटः विस्तृत जानकारीका लागि यस कार्यालयको Website duduwamun.gov.np मा समेत हेर्न सकिनेछ ।)

कृष्ण प्रसाद पौड्याल,
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner